# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सदुरपश्चिम प्रदेश, नेपाल

# लैङ्गिक हिंसा पीडित सहायता कोष स्थापना र सञ्चालन नियमावली, २०८२

भाग २ , खण्ड ९ , संख्या २

कार्यपालिकाबाट स्वीकृत मिति :२०८२/१०/०२

प्रकाशन मिति: २०८२ माघ ०८ गते बिहिबार

# पाटन नगरपालिका

# लैङ्गिक हिंसा पीडित सहायता कोष स्थापना र सञ्चालन नियमावली, २०८२

प्राविधिक सहयोग तथा सहकार्यः

जुरी नेपाल र युएनएफपिए

पेश गरिएकोः

पाटन नगरपालिका

बैतडी

मंसिर, २०८२

**स्थानीय सरकार**

**पाटन नगरपालिका**

**लैङ्गिक हिंसा पीडित सहायता कोष स्थापना र सञ्चालन नियमावली, २०८२**


| | | |
|---|---|---|
| १) | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २) | परिभाषा | १ |
| ३) | लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन तथा संञ्चालन समितिको गठन | १ |
| ६) | समितिको काम कर्तव्य र अधिकार | |
| ७) | समितिको बैठक र निर्णय | ३ |
| ८) | कोषको उपयोग | ४ |
| ९) | कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने | ४ |
| १०) | कोषमा रकम उपलब्ध गराउने | ४ |
| ११) | राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार | ४ |
| १२) | राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने | ५ |
| १३) | तत्काल रकम उपलब्ध गराउन सकिने | ६ |
| १४) | थप रकम निकासा माग गर्न सक्ने | ६ |
| १५) | कोषको लेखा र लेखापरीक्षण | ७ |
| १६) | आवर्ति (रिभल्भिङ) कोष | ७ |
| १७) | अनुगमन तथा मूल्याङ्कन | ७ |
| १८) | प्रतिवेदन पेश गर्ने | ८ |
| १९) | वैठक भत्ता | ८ |
| २०) | निर्देशन दिन सक्ने | ८ |

## लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन र सञ्चालन नियमावली, २०८२

**नगरसभाबाट स्वीकृत मिति..............................**

पाटन नगरपालिकाको **लैङ्गिक हिंसा नियन्त्रण तथा पीडित अधिकार संरक्षण ऐन, २०८२** को दफा २० ले दिएको अधिकार प्रयोग गरी पाटन नगरपालिकाले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम **"पाटन नगरपालिकाको लैङ्गिक हिंसा पीडित सहायता कोष स्थापना र सञ्चालन नियमावली, २०८२"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

क) "ऐन" भन्नाले **पाटन नगरपालिकाको लैङ्गिक हिंसा रोकथाम तथा पीडित अधिकार संरक्षण ऐन,२०८२** सम्झनु पर्दछ।

ख) "उजुरी" भन्नाले ऐनको दफा ८ बमोजिम परेको उजुरी सम्झनु पर्छ।

ग) "कार्यालय" भन्नाले पाटन नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

घ) "कोष" भन्नाले ऐनको दफा २० बमोजिमको स्थापीत लैङ्गिक हिंसा पीडित संरक्षण कोष सम्झनुपर्दछ।

घ) "पीडित" भन्नाले ऐनको दफा २ (ङ) मा उल्लिखित लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति सम्झनु पर्दछ।

ङ) "समिति" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन तथा संञ्चालन **समिति सम्झनु पर्छ ।**

३) **लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन तथा संञ्चालन समितिको गठनः** (१) कोषको व्यवस्थापन तथा सञ्चालन गर्ने काम समेतको लागि नगरपालिकामा एक कोष व्यवस्थापन तथा सञ्चालन समिति रहने छ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ -

| | | |
|---|---|---|
| क) | उप-प्रमूख | संयोजक |
| ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) | शिक्षा शाखा प्रमुख | सदस्य |
| घ) | स्वास्थ्य शाखा प्रमुख | सदस्य |

ङ)	नगरपालिकाको कानून अधिकृत	सदस्य

च)	लेखा प्रमुख	सदस्य

छ)	नगरपालिकाभित्र लैङ्गिक हिंसा तथा महिला सशक्तिकरणका क्षेत्रमा काम गर्ने संस्थामध्येबाट पालिकाका अध्यक्षले मनोनयन गरेका एक दलित समुदायका प्रतिनिधि सहित दुईजना	सदस्य

ज)	महिला बालबालिका तथा जेष्ठ नागरिक जेष्ठ नागरिक इकाइ प्रमुख	सदस्य-सचिव

४)	उप नियम (२) को खण्ड (६) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ।

५)	समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

६)	**समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लैङ्गिक हिंसा निवारणका सम्बन्धमा नगरपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने

ख) ऐनको दफा १३, १४, १५,१६, १७, १८ र १९ उल्लेख भए अनुसार पीडितको उद्वार, संरक्षण, राहत, पुनर्स्थापना तथा पीडितलाई सेवा प्रदान गर्ने सम्बन्धमा माग भई आएको रकम बारे आवश्यक छानविन गरी कोषबाट निकासाका लागि स्वीकृति दिने,

(ग) कोषबाट दिइएको राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(घ) कोष बृद्धिका लागि नगरपालिका स्तरमा लैङ्गिक हिंसा नियन्त्रणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा दातृ निकायहरूसँग समन्वय तथा सम्पर्क गर्ने र श्रोतको खोजी गर्ने,

(ङ) पीडितको संरक्षण तथा हेरचाहका लागि कोषबाट गरिने खर्च सम्बन्धी मापदण्ड बारे समयानुकुल पुनरावलोकन गरी नगरपालिकाको निर्णयका लागि सिफारिस गर्ने,

च) कोष वृद्धिका लागि स्रोतको खोजी गर्ने ।

(छ) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने।

७)	**समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार वस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(३) सदस्य सचिवले समितिको बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि बैठकमा छलफल हुने विषयको बारेमा सदस्यहरुलाई जानकारी दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको दुई-तिहाइ भन्दा बढी सदस्यहरू उपस्थित भएमा मात्र समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ। निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको वैठकमा बहुमतको राय मान्ने हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यक ठानेका लैङ्गिक हिंसा, महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने संघ संस्थाका पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सो समितिको संयोजकले प्रमाणित गरी सदस्य सचिवको जिम्मामा रहनेछ।

(९) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

८) **कोषको उपयोगः** १) कोषको रकम ऐनको दफा १३, १४, १५,१६, १७, १८, १९ र २४ मा उल्लेख गरेको प्रयोजनको लागि उपयोग गरिनेछ।

९) **कोषमा रकम उपलब्ध गराउनेः** पालिका क्षेत्रभित्रका लैङ्गिक हिंसा पीडित नागरिक, विवाह भई श्रीमानको घरमा बस्न नसकेर माइती आई बसेका छोरी, पालिकाभित्र पेशा व्यवसाय गरी बसेका व्यक्ति, पालिकाको संरक्षणमा बसेका व्यक्ति तथा सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनर्स्थापना तथा सेवा उपलब्ध गराउनका लागि पालिकाले यो कोषमा रकम उपलब्ध गराउनेछ।

१०) **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) यस नियमावली बमोजिम पीडितलाई सहयोग उपलब्ध गराउँदा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक वा निजी सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा, खाना खर्च र बास बस्नुपर्ने भएमा सो बापत पनि दैनिक ३००० देखि जम्मा बढीमा १५००० रुपियाँमा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ।

(ख) पीडितलाई हिंसाका कारण अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा लाग्ने सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम वाहेक उपचारको क्रममा लाग्ने सम्पूर्ण खर्चमा बढीमा ३०,००० रुपियाँमा नबढ्ने गरी लागेको यथार्थ खर्चको रसिद अनुसार उपलब्ध गराउन सकिनेछ। यो खर्च पीडितमा आश्रित बालबालिका भए बालबालिकाका लागि दैनिक रु. १,०००/- र पीडित सहयोगीको लागि दैनिक रु. १,००० देखि १०,००० रुपियाँका दरले खाना तथा बसोबास खर्च उपलब्ध गराउन सकिनेछ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा १५,००० रुपियाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) जीविकोपार्जनसँग सम्बन्धित कुनै व्यवसाय गर्नको लागि बिउ पूँजीको रूपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा रु. ५०,०००/-,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाणसहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई ८००० रुपियाँमा नबढ्ने गरी मनासिव रकम थप गरिदिन सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिने छैन।

(४) उपदफा (१)(ख) मा जेसुकै लेखिएको भए तापनि उपदफा (१)(क) मा प्राप्त गरिसकेको भएमा बास्तविक खर्च हेरी निर्णय गर्न सकिनेछ।

१२) **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाइ अनुसूचीमा १मा तोकिएको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचवबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले ऐनको दफा १३,१४ र १५ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ।

(३) यसरी राहत तथा सहयोग उपलब्ध गराउँदा नागरिकता, मतदाता परिचयपत्र तथा राष्ट्रिय परिचयपत्र जस्ता कानूनी पहिचान दिने कागजातहरु तत्कालको अवस्थामा नभएमा वडा कार्यालयको सिफारिसबाट उपलब्ध गराउने सक्नेछ ।

(४) राहत तथा सहयोगको लागि वडा कार्यालयबाट सिफारिस गर्दा व्यक्तिको विस्तृत विवरण सहित कस्तो प्रकारको सहयोग उपलब्ध गराउने हो भन्ने कुरा स्पष्ट उल्लेख गरेको हुनु पर्दछ ।

१३) **तत्काल रकम उपलब्ध गराउन सकिनेः** (१) यस नियमावलीमा अन्यत्र जे सुकै लेखिएको भए तापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलिएको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधोपचार, पुनर्स्थापना वा राहत वा एम्बुलेन्स वा अन्य सवारी साधन प्रयोग गर्ने लगायतको प्रयोजनका लागि तत्काल रकम उपलब्ध गराउन नसकी गम्भीर मानवीय क्षति हुने देखिएमा र समितिको तत्काल वैठक बस्ने अवस्था नरहेमा समितिको संयोजकले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

१४) **थप रकम निकासा माग गर्न सक्नेः** (१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाइ प्रमुख प्रशासकिय अधिकृतसँग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भइआएमा आवश्यकता र औचित्य हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकमभन्दा बढी रकम खर्च भएमा मानवीय कारण र प्रमाण खुलाइ संघीय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न पहल गर्न सक्नेछ।

१५) **कोषको लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१६) **आवर्ति (रिभल्भिङ) कोषः** यो कोष आवर्ति (Revol vi ng) कोषको रुपमा रहनेछ।

१७) **अनुगमन तथा मूल्याङ्कनः** (१) ऐनको दफा १६ (च) व्यवस्था भए अनुसार सल्लाहकार समितिले प्रत्येक आर्थिक वर्षको असार महिनामा कोषको प्रयोगको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) **समितिले अनुगमन तथा मूल्याङ्कन गर्दा ध्यान दिनुपर्ने प्रमुख विषयहरूः**

क) **कानूनी तथा नीतिगत आधारको पालनाः** कोष सञ्चालन सम्बन्धी ऐन, नियमावली तथा मापदण्ड अनुसार कार्य भइरहेको छ/छैन भन्ने जाँच गर्ने

ख) **संस्थागत संरचना र जिम्मेवारीः लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन तथा सञ्चालन समिति एवं** सरोकारवाला निकायहरूको भूमिकाको स्पष्टता र प्रभावकारिता के कस्तो छ मूल्याङ्कन गर्ने,

ग) **आर्थिक व्यवस्थापन :** कोषमा उपलब्ध रकम, खर्चको पारदर्शिता, अभिलेख व्यवस्थापन, अडिट र वित्तीय प्रतिवेदनहरूको समीक्षा गर्ने,

घ) **सेवाग्राही पहिचान तथा पहुँचः** पीडित पहिचानका मापदण्ड, पहुँच सुनिश्चितता, प्राथमिकता निर्धारण र समावेशी (GESI) अवस्थाको मूल्याङ्कन गर्ने,

ङ) **उद्धार र संरक्षण सेवाः** आश्रय, स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श तथा सहयोग, कानूनी सहायता, सुरक्षा सेवा जस्ता सुविधा पर्याप्त रुपमा उपलब्धता तथा पीडितको पहुँचमा छन्/छैनन् समिक्षा गर्ने,

च) **राहत तथा पुनर्स्थापना सेवाः** आर्थिक सहयोग, पुनर्स्थापना कार्यक्रम, रोजगारी/सिप विकास समन्वयको प्रभावकारिता के कस्तो छ जाँच गर्ने,

छ) **समन्वय तथा सहकार्यः** स्थानीय, प्रदेश तथा संघीय निकाय तथा CSO/NGO सँगको समन्वयको अवस्था हेर्ने,

ज) **अभिलेख तथा डेटा व्यवस्थापनः** केस फाइल अपडेट, गोपनीयता सुरक्षण, तथ्यांक संकलन र विश्लेषण प्रणालीको प्रभावकारिता जाँच गर्ने,

झ) **सेवा गुणस्तर र समयबद्धताः** सेवाग्राहीले सेवा पाउन लागेको समय, सेवाको प्रभावकारिता र प्रतिक्रियाको गति मूल्याङ्कन गर्ने,

ञ) **पीडितको सन्तुष्टि तथा फिडब्याकः** पीडितको अनुभव, गुनासा, सुझाव र सुधारका क्षेत्रहरू के कस्तो छ हेर्ने,

ट) **जोखिम तथा चुनौतीहरूः** स्रोत अभाव, जनशक्ति क्षमता, पहुँचमा समस्या, कानूनी प्रक्रियाका अवरोध मूल्याङ्कन गर्ने,

ठ) **सुधारका सिफारिसः** कोष तथा सेवाको प्रभावकारिता वृद्धि गर्न आवश्यक सुधार, क्षमता विकास, स्रोत परिचालन र नीतिगत तथा कार्यगत सुधारमा सुझाव पेश गर्ने ।

**१८) प्रतिवेदन पेश गर्नेः** (१) समितिले समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन प्रत्येक ३ महिनामा नगर कार्यपालिकामा तथा प्रत्येक ६ महिनामा संघीय तत्काल उद्धार राहत समिति समक्ष पेश गर्नुपर्नेछ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्षभरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगरसभाका लागि पालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

**१९) बैठक भत्ताः** समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत बैठक भत्ता उपलब्ध गराउनु पर्ने अवस्थामा कानून बमोजिमको रकम नगरपालिकाको अन्यत्र कोषबाट व्यवस्था गर्न सक्नेछ।

**२०) निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**अनुसूची १**

पाटन नगरपालिका

**लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन तथा संञ्चालन समिति**

बैतडी

विषयः लैङ्गिक हिंसाका कारण सहायताको लागि निवेदन।

म निम्न विवरण अनुसार लैङ्गिक हिंसाको घटनाबाट पीडित भएकी/भइसकेको व्यहोरामा पालिकाबाट आवश्यक कानुनी, चिकित्सा, मनो—सामाजिक, आश्रय, सुरक्षा तथा अन्य सहयोग प्राप्त गर्न यो निवेदन पेश गर्दछु।

**१. निवेदकको व्यक्तिगत विवरण**

नामः (गोप्य पनि राख्न सक्ने)........................................................

उमेरः ........................................................

लिङ्गः ........................................................

स्थायी ठेगानाः ........................................................

अस्थायी/हालको ठेगानाः ........................................................

सम्पर्क नम्बरः ........................................................

नागरिकता नं./ निर्वाचन  पत्र (ऐच्छिक): ....................................

आश्रित बालबालिका तथा परिवार....................................

**२. साक्षीको व्यक्तिगत विवरण**

नामः (गोप्य पनि राख्न सक्ने)........................................................

उमेरः ........................................................

लिङ्गः ........................................................

स्थायी ठेगानाः ........................................................

अस्थायी/हालको ठेगानाः ....................................................

सम्पर्क नम्बरः ....................................................

नागरिकता नं./ निर्वाचन  पत्र (ऐच्छिक): ..................................

**३. हिंसाको प्रकार र विवरण**

हिंसाको प्रकार (शारीरिक/मानसिक/यौन/आर्थिक/सामाजिक/अन्य): ......................

घटना भएको मिति/समयः ....................................................

घटना भएको स्थानः ....................................................

आरोपिको नाम (यदि थाहा भएमा): ..................................

घटनाको संक्षिप्त विवरणः

..........................................................................

..........................................................................

४. वर्तमान अवस्थाको विवरण

स्वास्थ्य अवस्थाः ....................................................

तत्काल आवश्यक सहयोग (चिकित्सा, संरक्षण तथा सुरक्षा, आश्रय, आर्थिक, परामर्श आदि):

.......................

सुरक्षासम्बन्धी जोखिम भए/नभएको विवरणः ......................................

५. मागिएका सहयोगहरू

मलाई पालिकाबाट निम्न सहायता/सेवा प्रदान गर्न हुन निवेदन गर्दछु

..........................................................................

..........................................................................

.........................................................................

६. संलग्न कागजातहरू

चिकित्सा रिपोर्ट (यदि छ भने)

प्रहरी उजुरी प्रतिलिपि(यदि छ भने)

फोटो/दस्तावेज

अन्य प्रमाणहरू

निवेदकको हस्ताक्षरः

.........................................

मितिः ________________